महाकवि लक्ष्मीप्रसाद देवकोटा
स्टडी एण्ड रिसर्च सेन्टर
काठमाडौं , नेपाल ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मस्थल र उनका कृतिहरूको संरक्षण तथा संवर्धन गर्ने उद्देश्यले स्थापना भएको DSRC देवकोटा स्टडी एण्ड रिसर्च सेन्टरलाई नेपाली साहित्य समाज न्यूयोर्क च्याप्टरको तर्फबाट म शुभकामना ब्यक्त गर्दछु ।

नेपाली साहित्य जगतका युगपुरुष महाकवि देवकोटा एउटा जाज्वल्यमान तारा हुन । उनी लोकप्रिय कवि हुनुका साथै राष्ट्रका महान् विभूति र अतुलनीय र अद्वितीय प्रतिभाका धनी हुन् । छोटो समयमा ठुलो रचना दिएर जाने कवि, निबन्धकार, उपन्यासकार देवकोटा हाम्रा लागि संधै अमर छन् । यस्ता साहित्यका शिखर पुरुषका अनगिन्ती रचनाहरूको रसास्वादन हामीले गर्न पाएका छौं र कति गर्न बांकी नै छ । हराएका रचनाहरूको खोजी, यत्रतत्र छरिएका रचनाको संकलन, अनुवाद आदि कामहरू DSRC ले गर्दै आएको छ । अन्तर्राष्ट्रिय साहित्य समाज न्यूयोर्क च्याप्टरले यसको स्थापना कालदेखि हरेक बर्ष अटूट रूपमा लक्ष्मीप्रसाद देवकोटाको जन्मदिनको आसपास पारी लक्ष्मी जयन्ती तथा रमाइलो देउसी भैलो साँझ मनाउँदै आएको छ । यसमा महाकविलाई सम्झँदै प्रतियोगितात्मक कवितामहोत्सव, कवितावाचन र लक्ष्मीप्रसादमाथि प्रकाश पार्नुको साथै हाम्रो नेपाली संस्कृतिको सम्वर्धन गर्दै नेपालीहरूबीच देउसी भैलो खेल्दै तिहारको सम्झना पनि गरिन्छ । यस पटकको देउसी भैलोबाट उठेको रकम र अरू सहयोगार्थी साथीभाइबाट उठेको US Dollar 1000.00 रकम हामी सहयोगस्वरूप DSRC लाई प्रदान गर्न चाहन्छौं । हाम्रो यो अ. ने. सा. स. च्याप्टर नन प्रोफिट संस्था भएकोले हामीसँग त्यति ठूलो धनराशि त छैन तर धन नभएपनि मनचाहिं ठूलो छ । आशा छ, यस सानो रकमलाई महाकविप्रतिको श्रद्धा सुमन ठानी रकमको सदुपयोग गरिदिनुहुनेछ ।

अन्त्यमा, महाकवि देवकोटालाई वेबसाइटमार्फत घर घर पुचाई विदेशमा भएका साहित्यप्रेमीलाई उहाँका कृतिहरू उपलब्ध गराइदिनुभएकोमा धन्यवाद दिन चाहन्छु र देवकोटा स्टडी एण्ड रिसर्च सेन्टरको उत्तरोत्तर प्रगतिका लागि शुभकामना ब्यक्त गर्दछु ।

ज्योति पौडेल ज्योति पौडेल
२२ जनवरी २०११

अध्यक्ष : अ. ने. सा. स.
न्यूयोर्क च्याप्टर